# प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा संचालन सम्वन्धी
# विशेष निर्देशिका

१. **उद्देश्य :-**

चाहिएको बेला जूनसूकै टेलिफोनबाट स्थानिय लगायत अन्तर्देशीय तथा अन्तर्राष्टिय टेलिफोन सेवा उपयोग गरे पनि उक्त टेलिफोन धनिसँग महसूल नलिई टेलिफोन सेवा उपयोग गर्ने व्यक्तिबाट नै भूक्तानी लिने गरि टेलिफोन सेवा उपलव्ध गराउने यस टेलिफोन सेवाको विशेष उद्देश्य रहेको छ ।

२. **प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा :-**

स्थानीय टेलिफोन एक्सचेञ्जमा जोडिएको कूनै पनि टेलिफोनबाट प्रि(पेड कलिङ्ग कार्डमा उल्लिखित व्यक्तिगत (पहिले नै रकम भूक्तान गरि खरिद गरेको कार्डमा उल्लिखित व्यक्तिगत पहिचान नम्बर) नम्बरबाट भूक्तानी गर्ने गरि स्थानीय, अन्तर्देशीय र अन्तर्राष्ट्रिय टेलिफोन सेवा उपलव्ध गराउने गरि सर्वसाधारणको प्रयोगको लागि संचालन गरिने सेवालाई प्रि(पेड कलिङ्ग कार्ड सेवा भनिन्छ ।

३. **अनूमतिपत्र लिनू पर्ने :-**

प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा संचालन गर्न इच्छूक व्यक्ति वा संस्थाले प्राधिकरणबाट अनूमतिपत्र लिनू पर्नेछ ।

४. **प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा संचालनका लागि निर्देशन :-**

४.१ निवेदन साथ पेश गर्नू पर्ने विवरणहरु :-
प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा संचालन गर्न ईच्छूक व्यक्ति वा संस्थाले सेवा संचालन गर्न लिनू पर्ने अनूमतिपत्रको लागि निम्न अनूसार निवेदन पेश गर्नू पर्नेछ ।

४.१.१ दूरसंचारको अन्य अतिरिक्त सेवा संचालन गर्नेहरुको लागि प्रकाशित सामान्य निर्देशिकामा उल्लिखित सम्पुर्ण विवरणहरुका साथै सोमा उल्लिखित निवेदन फाराम भरि रीत पुर्वक दरखास्त पेश गर्नू पर्नेछ ।

४.१.२ सेवा संचालन गर्ने क्षेत्र :- यस सेवाको लागि प्रयोगमा ल्याइने (Personal Identification Number) PIN Card मा उल्लिखित PIN Code प्रयोग गरि अधिराज्यका जूनसूकै एक्सचेञ्जको जूनसूकै टेलिफोनबाट उक्त सेवा उपलव्ध गराउनु पर्नेछ । अनूमतिपत्र पाएको मितिले कहिले कून क्षेत्रमा यस सेवा उपलव्ध गराउने योजना छ प्रष्ट खूलाई सो को Roll Out Plan पेश गर्नू पर्नेछ ।

४.१.३ यस सेवा अन्तर्गत स्थानीय टेलिफोन, अन्तर्देशीय टेलिफोन तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा उपलव्ध गराए वापत के कति महशूल लिईने हो सोको विस्तृत विवरण पेश गर्नू पर्नेछ ।

४.१.४ प्रि-पेड कार्डमा उल्लिखित विशेष PIN कार्ड उक्त प्रि-पेड कार्ड खरिद गर्ने व्यक्ति बाहेक अन्य कसैलाई थाहा नदिन कून विधि अपनाउने हो प्रष्ट खूलाउनू पर्नेछ ।

४.१.५ प्रि-पेड कलिङ्ग कार्ड के कति मुल्यको र कति किसिमको हूनेछ उल्लेख गर्नू पर्नेछ ।

४.१.६ यस सेवाको लागि के कस्तो नेटवर्क र उपकरण प्रयोग गर्ने हो सोको विस्तृत विवरण दिनूको साथै कार्डमा उल्लेख गरिने विवरणहरु पनि संलग्न गर्नू पर्ने हून्छ ।

५. **प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा संचालकले पालना गर्नू पर्ने शर्तहरु :-**

५.१ अनूमतिपत्रमा उल्लिखित शर्त अनूरुप सेवा संचालन गर्नू पर्नेछ ।

५.२ प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा संचालनमा प्रयोग गरिने टेलिफोन लाईन सम्वन्धमा नेट वर्क प्रदायकसँग गरिने सम्झौता एक आपसको संयूक्त प्रयासमा तय गर्नू पर्नेछ ।

५.३ प्रि-पेड कलिङ्ग कार्ड खरिद गर्न चाहने जोसूकैले सजिलैसँग कार्ड उपलव्ध गर्न सक्ने गरि वितरण तथा बेच बिखनको व्यवस्था सेवा संचालक आफैले वा अरु मार्फत गर्न गराउन सक्नेछ ।

५.४ प्रि-पेड कलिङ्ग कार्डको अवधि (Validity) प्रत्येक कार्डमा प्रष्ट उल्लेख गरेको हूनू पर्दछ ।

५.५ प्रि-पेड कलिङ्ग कार्डमा काड प्रयोग गर्ने विधि प्रष्ट हूने गरि लेखिएको हूनू पर्नेछ । प्रि-पेड कलिङ्ग कार्डमा लेखिने भाषा नेपाली वा अंग्रेजी वा दूवै हून सक्नेछ ।

५.६ उक्त प्रि-पेड कलिङ्ग कार्ड पे(फोन टेलिफोनमा घूसाउन नहूने कूरा प्रत्येक प्रि-पेड कलिङ्ग कार्डमा उल्लेख गरेको हूनू पर्छ ।

५.७ सम्पर्क गर्न खोजेको टेलिफोन नम्बर डायल गर्नू अघि उक्त प्रि-पेड कार्डमा के कति मिनेट वा के कति रकम बाँकी छ प्रयोगकर्तालाई सुचना दिने व्यवस्था अनिवार्य रुपले गर्नू पर्नेछ ।

५.८ यस सेवा संचालनको सिलसिलामा सेवा संचालकको तर्फबाट सो उपयोगकर्तालाई दिइने निर्देशनको भाषा नेपाली र अंग्रेजी गरि दूईवटा भाषा अनिवार्य रुपमा हूनू पर्नेछ । यी दूई भाषा बाहेक अन्य भाषाहरु सेवा प्रदायकले आफू खूसी थप गर्न सक्नेछ । सेवा उपयोग गर्ने व्यक्तिले यी भाषाहरुमध्ये कूनै एक भाषा रोज्न सक्ने व्यवस्था हूनू पर्नेछ ।

५.९ पे-फोन वा पि.सि.ओ. बाट उक्त प्रि-पेड कलिङ्ग कार्ड प्रयोग गरे वापत पे(फोन वा पि.सि.ओ.लाई कूनै रकम तिर्नू पर्ने भए सो रकम सेवा प्रदायकले व्यहोर्ने हो वा प्रि-पेड कलिङ्ग काड प्रयोग गर्नेले व्यहोर्नू पर्ने हो प्रष्ट खूलाउनू पर्नेछ ।

५.९.१ यस्तो रकम सेवा प्रदायकले स्वयं व्यहोर्ने भए सो को लागि पे-फोन संचालक वा पि.सि.ओ. संचालकसँग आपसी सम्झौता गर्नू पर्नेछ ।

५.९.२ यदी प्रि-पेछ कलिङ्ग काड प्रयोग कर्ताले व्यहोर्ने भए प्रत्येक पटक टेलिफोन गर्दा के कति रकम कसरी तिर्नू पर्ने छ प्रष्ट खूलाउनू पर्नेछ ।